**मुक्तिनाथ दर्शन सेवा**
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे

**पोखरा साइडसिन सेवा**
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर

**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क २३५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ भाद्र २० गते शुक्रबार ❑ 5 Sept. 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## गण्डकी विश्वविद्यालय र खेलकुद मन्त्रालयबिच समझदारी

**पोखरापत्र संवाददाता**
पोखरा, १९ भाद्र

नेपालमा खेलकुद शिक्षा र व्यवस्थापनलाई प्रभावकारी बनाउने विषयमा गण्डकी विश्वविद्यालय र युवा तथा खेलकुद मन्त्रालयबिच छलफल भएको छ।

खेलकुद मन्त्री तेजुलाल चौधरी र गण्डकी विश्वविद्यालयका उपकुलपति प्राडा नवराज देवकोटाको नेतृत्वकाबिच बिहीबार सहकार्यका प्राथमिक क्षेत्र पहिचान गर्दै आवश्यक कार्ययोजना बनाउने विषयमा छलफल भएको थियो । छलफलमा मन्त्रालय सचिव डा. हरि प्रसाद लम्साल र गण्डकी विश्वविद्यालय ब्याचलर इन स्पोर्ट्र्स म्यानेजमेन्ट (बिएसएम) का संयोजक डा. मधुसुदन सुवेदी र अन्तर्राष्ट्रिय सम्बन्ध तथा विकास मामिला प्रमुख रवी भण्डारीसहितका टोली सहभागी थिए । छलफलमा नेपालकै पहिलो पटक सञ्चालनमा आएको खेलकुद व्यवस्थापन विषयको स्नातक तह कार्यक्रमलाई कसरी प्रभावकारी बनाउन सकिन्छ भन्नेबारे विस्तृत विचारविमर्श गरिएको थियो। यस क्रममा विश्वविद्यालय र मन्त्रालयबीचको सहकार्यले खेलकुद शिक्षा र व्यवस्थापनलाई अझ व्यवस्थित ढंगले अघि बढाउन महत्त्वपूर्ण भूमिका खेल्न सक्ने विश्वास व्यक्त गरिएको बिएसएम कार्यक्रम संयोजक डा. मधुसुदन सुवेदीले जानकारी दिए।

यससँगै राष्ट्रिय खेल संघहरूको संभावित संलग्नता, स्नातक विद्यार्थीहरूको भविष्य व्यवस्थापन तथा खेलकुद क्षेत्रमा आवश्यक जनशक्ति उत्पादन गर्ने विषयलाई पनि छलफलमा प्राथमिकताका साथ उठाइएको मन्त्रालयले जनाएको छ।

त्यसैगरी, शैक्षिक प्रयोजनका लागि पोखरा रंगशालाको उपयोग गर्ने सम्भावना, विद्यार्थी तथा खेलाडीलाई छात्रवृत्ति सहयोग उपलब्ध गराउने व्यवस्था, विद्यालय तहका शिक्षकहरूका लागि छोटो अवधिका तालिम सञ्चालन गर्ने आवश्यकताका विषयमा पनि छलफल भएको थियो। यस्तै स्नातक विद्यार्थीहरूको डिग्री प्रयोजनलाई प्रादेशिक तथा संघीय तहसँग जोड्ने विषयमा पनि छलफल भएको बिएसएम कार्यक्रम संयोजक डा.सुवेदीले जानकारी दिए । छलफलले सबै एजेन्डामा सहमति जनाउँदै सहकार्यलाई ठोस रूपमा अघि बढाउने र खेलकुद शिक्षा तथा व्यवस्थापनलाई संस्थागत ढंगले विस्तार गर्ने विषयमा सकारात्मक निष्कर्षमा पुगेको सुवेदीको भनाइ छ।

## पोखरा-३३ मा भरतपोखरी बाघमारा महोत्सव सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, १९ भाद्र



पोखरा महानगरपालिका वडा नं ३३ भरतपोखरीको बाघमारामा विहीवारदेखि महोत्सव सुरु भएको छ।

स्थानीय शुभतारा युवा क्लबको आयोजनामा सुरु भएको महोत्सवको पोखरा महानगरपालिकाकाप्रमुख धनराज आचार्यले एक समारोहका विच गमलामा पानी राख्नुका साथै पानसमा दीप प्रज्ज्वलन गरी उद्घाटन गरे। क्लबका अध्यक्ष देबेन्द्र सापकोटाको अध्यक्षतामा भएको उद्घाटन कार्यक्रममा बोल्दै महानगर प्रमुख आचार्यले यो महोत्सवबाट ज्ञान लिदैं आगामी महोत्सवमा के लाई महोत्सवको विशेष आकर्षण बनाउने हो तय गनुपर्नेमा जोड दिए । आचार्यले महोत्सवले भरतपोखरीका जातजाती, भाषा, संस्कृतिलाई एकत्रित गर्न सकोस् भनी शुभकामना दिए । पोखरा महानगरपालिका वडा नं ३३ का वडाध्यक्ष रामचन्द्र अधिकारीले बाघमारा महोत्सवले त्यस क्षेत्रका सांस्कृतिक सम्पदाको संरक्षण र प्रवर्द्धन गर्ने, विभिन्न समुदाय र जनजातिहरूलाई एकै मञ्चमा ल्याएर आपसी समझदारी र सहकार्य बढाउँने तथा स्थानीय उत्पादन, हस्तकला, परिकार र पर्यटन गतिविधिलाई बजारसँग जोड्ने अवसर प्रदान गरेको भारणा राखे । उनले यो महोत्सव सबै वडावासीको अपनत्व हुनेगरी सञ्चालन गर्न र महोत्सव सांस्कृतिक, सामाजिक, आर्थिक र शैक्षिक दृष्टिले महत्वपूर्ण बनाउन क्लबलाई सुझाव दिए । क्लबका सदस्य श्रीराम भुसालले धन्यवाद ज्ञापन गरेका थिए । पत्रकार सन्दिप पौडेलले सञ्चालन गरेको कार्यक्रममा क्लबका अध्यक्ष देबेन्द्र सापकोटाले सांस्कृतिक संरक्षण, सामाजिक एकता, आर्थिक प्रवर्द्धन,पर्यटन आकर्षण, शिक्षा, चेतनाका लागि महोत्सव गरिन लागेकाले सबैको सहयोगको आशाा गरेका थिए।

महोत्सवमा विभिन्न बस्तु तथा सेवाका स्टलहरुका साथै महोत्सवमा फेन्सी, गार्मेन्ट, भाँडा, कृर्षि, बैक बित्तिय, रेष्टुरेण्ट लगायतका१०० बढी स्टलहरु रहेका छन् । रत्यौली तर्फ २४ समूह रहेका छन् भने विद्यालयस्तरीय नृत्य समेत रहने आयोजकले जनाए । स्थानीय आमा समूह,टोल विकास लगायतले झाँकी र्‍याली प्रस्तुत गरेका थिए भने कलाकार रामजी पौडेल लगायतको प्रस्तुति रहेको कार्यक्रममा समाजसेवी केशरप्रसाद निर्दोषी, वडा सदस्यहरु राजनैतिक दलका प्रतिनिधिहरु लगायतले शुभकामना दिएका थिए । शुभतारा युवा क्लब सामाजिक, सांस्कृतिक तथा युवकहरूमा चेतना प्रवर्द्धन गर्न २०७० साल स्थापित संस्था हो। भदौ १९ देखि सुरु भएको महोत्सव ३० गतेसम्म सञ्चालन हुने भएको छ।

## शुक्रबारदेखि आठौं इक्यान एजुकेसन फेयर

**पोखरापत्र संवाददाता**
पोखरा, १९ भाद्र

नेपाल शैक्षिक परामर्श संघ (इक्यान) कास्की शाखाले शुक्रबार र शनिबार गर्ने 'आठौं इक्यान एजुकेसन फेयर'को समपूर्ण तयारी पूरा भएको छ।

टाइम्स एजुकेसनल कन्सल्टेन्सी प्रालिले मुख्य प्रायोजनमा पोखराको न्युरोड स्थित सिटी स्क्वायर बैंक्वेटमा हुने मेलाको शुक्रबार सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री विन्दुकुमार थापाले उद्घाटन गर्नेछन्।

लामो समयदेखि आयोजना हुन नसकेको गण्डकी प्रदेशको सबैभन्दा ठूलो शैक्षिक मेला यस वर्ष नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शैक्षिक परामर्श तथा प्रमाणीकरण शाखाबाट अनुमति लिएर इकान कास्कीले आठौं संस्करण आयोजना गर्न गइरहेको हो। मेलामा अमेरिका, अस्ट्रेलिया, क्यानडा, बेलायत लगायतका कलेज एवं विश्वविद्यालयका प्रतिनिधि, इक्यानका सदस्य संस्था, ब्रिटिस काउन्सिल लगायतका ६५ स्टल रहनेछन्। मेलामा सहभागी विद्यार्थीलाई लक्की ड्र मार्फत ल्यापटप, ट्याब, मोबाइल, मुभी टिकट लगायत आकर्षक उपहार प्रदान गरिनेछ। इक्यान कास्कीका अध्यक्ष ओमप्रकाश गैह्रेले गण्डकी प्रदेशका विद्यार्थीलाई लक्ष्य गरेर नेपाल सरकारबाट स्वीकृतप्राप्त कन्सल्टेन्सी मात्रै शैक्षिक मेलामा सहभागी हुने बताए। उनले भने, 'विश्व ग्लोबल भिलेजका रूपमा परिवर्तित भइरहेको वर्तमान परिवेशमा नेपाली विद्यार्थीले आफूले चाहेको विषय, संसारका जुनसुकै कुनामा रहेका कलेज, विश्वविद्यालयमा उच्च शिक्षा हासिल गर्न पाउनु उनीहरूको नैसर्गिक अधिकारको कुरा हो।' इक्यान कास्कीका उपाध्यक्ष एवं मेला संयोजक सन्तोष शाहीले पोखरामै अन्तर ाष्ट्रिय विश्वविद्यालय र कलेजको उपस्थितिमा हुने शैक्षिक मेलाले विदेशमा पढ्न इच्छुक विद्यार्थीका लागि एकै थलोमा परामर्शको अवसर प्रदान गर्ने बताए। उनले भने, 'मेलामा आएपछि आफ्नो रोजाइ र क्षमता अनुसारका विश्वविद्यालय वा कलेजमा छान्न पाउने अवसर विद्यार्थीलाई मिल्ने छ।' इक्यानका केन्द्रीय उपाध्यक्ष भुवनबहादुर क्षेत्रीले नेपालभर हाल ७ सय २० कन्सल्टेन्सी नेपाल सरकारको शिक्षा मन्त्रालयमा सूचीकृत भएको जानकारी दिंदै ती कन्सल्टेन्सीबाट विश्वसनीय सेवा लिन सकिने बताए। इक्यानका सदस्यले विद्यार्थीलाई विदेश पठाउने मात्र नभइ अध्ययन पश्चात नेपाल फर्काउने अभियान पनि सञ्चालन गरिरहेको उनले बताए। 'अवसरको खोजी गर्ने मानवीय स्वभाव नै हो,' उनले भने, 'यद्यपि इक्यानले नेपाल फर्काउने अभियान चलाउन अर्को शैक्षिक मेला छिट्टै आयोजना गर्दैछ।' टाइम्स एजुकेसनल कन्सल्टेन्सीका प्रबन्ध निर्देशक प्रेम सुवेदीले मेलालाई भव्य बनाउन सदैव साथ र सहयोग रहने बताए। उनले उत्कृष्ट परामर्शतादाको उपस्थितिमा हुन लागेका मेलाबाट लाभ लिन विद्यार्थी, अभिभावक एवं अन्य सरोकारवालालाई आग्रह गरे। मेलामा ब्रिटिस काउन्सिल नेपालको सहकार्य रहनेछ।

मेलाको पावर्ड बाइमा बेलायत स्थित युनिभर्सिटी अफ वर्केस्टर र योर्क सेन्ट जोन युनिभर्सिटी रहेका छन्। मेलाको प्लाटिनम प्रायोजकमा ग्रेस इन्टरनेसनल, गोल्ड प्रायोजकमा चर्चिल इन्स्टिच्युट अफ हाइयर एजुकेसन/आईआईई र बैंकिङ पार्टनरमा एनएमबी बैंक रहेका छन्। पर्यटकीय राजधानी पोखरामा हुन लागेको बृहत् शैक्षिक मेलामाबाट यस क्षेत्रका विद्यार्थी, अभिभावक तथा अन्य सरोकारवालाले लाभ लिन सक्ने इक्यान कास्कीले जनाएको छ।

**बालअधिकार सुनिश्चित गरौं**

बालअधिकार:
- शिक्षा, स्वास्थ्य र पालनपोषणको अधिकार,
- हिंसा र शोषणबाट जोगिने अधिकार,
- अभिव्यक्ति र सहभागिताको अधिकार,
- माया, स्नेह र संरक्षण पाउने अधिकार,
- खेल र मनोरञ्जनको अधिकार। त्यसैले,

बालश्रम अन्त्य गरौं.
- सबै बालबालिकालाई विद्यालय पुऱ्याऔं,
- बालबालिकाको आवाज सुन्ने संस्कार बसालौं,
- बालमैत्री समाजको निर्माण गरौं.

"आजका बालबालिका, भोलिका कर्णधार"

नेपाल सरकार
विज्ञापन बोर्ड


## २६ वटा सामाजिक सञ्जाल निष्क्रृय बनाउने निर्देशन

**रासस**
काठमाडौं, १९ भाद्र




नेपाल दूरसञ्चार प्राधिकरणले नेपालमा सूचीकरण नभएका विभिन्न २६ वटा सामाजिक सञ्जाललाई नेपालमा निष्क्रिृय गराउन मोबाइल तथा इन्टरनेट सेवा प्रदायक संस्थालाई निर्देशन दिएको छ।

प्राधिकरणले आज सबै सेवा प्रदायकलाई परिपत्र गर्दै सो निर्देशन दिएको हो । प्राधिरकणले फेसबुक, फेसबुक म्यासेन्जर, इन्टाग्राम, युट्युव, ह्वाटएप, टिवृटर (एक्स), लिङ्क्डिन, स्यापच्याट, वीच्याटलगायत विभिन्न सामाजिक सञ्जाललाई नेपालमा निष्क्रिृय बनाउन निर्देशन दिएको हो। प्राधिकरणको निर्देशनसँगै सरकारी स्वामित्वको नेपाल दूरसञ्चार कम्पनी (नेपाल टेलिकम) र निजी क्षेत्रको मोबाइल सेवा प्रदायक एनसेलले सूचीकृत नभएको सामाजिक सञ्जाल बन्द गरिएको स्पष्ट पारेका छन्।



# यु १४ फुटबल खेलको फाइनल समिकरण पुरा

पोखरापत्र संवाददाता
पोखरा, १९ भाद्र

पोखरा रंगशालामा जारी विद्यालयस्तरीय यु १४ फुटबल प्रतियोगितामा आज फाइनल समिकरणको खेलहरु सम्पन्न भएका छन् ।

कास्की जिल्ला फुटबल संघको आयोजनामा जारी एन्फा यु१४ विद्यालयस्तरीय छात्र/छात्रा फुटबलमा छात्रतर्फ सेमिफाइनल सकिदाँ छात्रातर्फ लिगचरणका खेल सम्पन्न भए ।

बिहिबार भएको छात्रतर्फको पहिलो सेमिफाइनल खेलमा शिशुकल्याण माविले सैनिक आवासिय महाविद्यालयलाई ५-२ को फराकिलो गोलअन्तरले हराउँदै फाइनलको यात्रा तय गरेको छ । शिशुकल्याणको जितमा गोपाल सुनार, विक्रम गुरुङ, सुमन घर्तिमगर, शक्ति बोहरा र राजु एसकेले समान एक-एक गोल गरे । सैनिकका लागि वसेल विक्रम कुँवर र रमन



क्षेत्रीले गोल गरे । शिशुवाका सुमन घर्ति प्लेयरअफ दि म्याच घोषित भए। दोस्रो सेमीफाइनलमा गण्डकी बोर्डिङले सोसल पब्लिकलाई १-० ले हराउँदै शिशु कल्याणसँगको भेट पक्का गरेको हो । अत्यन्तै रोमाञ्चक खेलको पहिलो हाफमै सोनम खत्रीले गरेको गोल निर्णायक बन्न पुग्यो । उनी खेलको प्लेयरअफ दी म्याच घोषित भए। यस्तै छात्रातर्फ त्रिभुवन शान्ति नमुना माविले शान्तिदिपलाई ३-० ले हराउँदै समुह विजेता बन्यो । समूह ए मा कुल २ खेल खेलेको त्रिभुवनले २ जितसहित ६ अंक बटुल्दै फाइनल प्रवेश गरेको हो । शान्तिदिप ३ अंकका साथ दोस्रो र सेन्टमेरिज अंक विहिन हुँदै लिगचरणबाट बाहिरिए । समुह बी बाट भने सैनिक आवासिय यस अघि नै समुह विजेता हुदै फाइनल प्रवेश गरेको थियो । सैनिकले कुल २ खेलबाट ६ अंकका साथ शीर्षमा रहँदै फाइनल प्रवेश गरेको थियो । प्रतियोगितामा छात्रा तर्फ ६ र छात्र तर्फ २४ विद्यालयले सहभागिता जनाएका थिए । भदौ १२ गतेदेखि सुरु प्रतियोगिता भोलि सम्पन्न हुनेछ । प्रतियोगितामा छात्र तर्फ विजेताले नगद ५० हजार, उपविजेताले २५ हजार रुपैयाँ प्राप्त गर्ने कास्की जिल्ला फुटबल संघले जनाएको छ ।

छात्रा तर्फको विजेताले नगद २० हजार र उपविजेताले १० हजार रुपैयाँसहित ट्रफी प्रदान गरिने संघले जनाएको छ ।

प्रतियोगितालाई बंगलादेशीय फुड उत्पादक कम्पनी प्रान, सहारा क्लब पोखराले नगद एक लाख रुपैयाँ, एबीज इन्जिनियरिङले ५० हजार रुपैयाँ लगायत अन्य संघसंस्थाले सहयोग गरेको छ। पोखरा महानगरपालिका प्रवर्द्धक, प्रदेश खेलकुद परिषद गण्डकीले विशेष सहयोगी भूमिका खेलेको छ ।

# स्याङ्जाबाट अनियमितामा १ सय २१ उजुरी

पोखरापत्र संवाददाता
स्याङ्जा, १९ भाद्र

अनियमितता बिरुद्ध छानविन गर्न माग गर्दै स्याङ्जाबाट अख्तियार दुरुपयोग अनुसन्धान आयोगको क्षेत्रिय कार्यालय पोखरामा १२१ उजुरी दर्ता भएका छन् । आर्थिक बर्ष २०८१/०८२ मा जिल्लाबाट अख्तियारमा १२१ उजुरी दर्ता भएका थिए भने अघिल्लो वर्ष २०८०/०८१ मा १६८ उजुरी दर्ता भएका थिए ।

स्याङ्जाबाट १२१ उजुरी दर्ता भएका छन् । अख्तियार श्रोतले दिएको जानकारी अनुसार जसमध्ये अघिल्लो आर्थिक बर्षको फछ्र्यौट हुन बाँकी १० उजुरी सहित १३१ उजुरी अनुसन्धानको क्रममा रहेको छ । संघ, प्रदेश र स्थानीय तहमध्ये सबैभन्दा बढी उजुरी स्थानीय तहको भएको अख्तियार श्रोतले जानकारी दिएको छ ।

स्थानीय तहमा जनप्रतिनिधि र कर्मचारीको लापरवाही पूर्वक भएका विकास निर्माण, खरिद ऐनको उल्लंघन, अनुदान वितरण लगायतका बिषयमा बढी उजुरी परेको छ । अख्तियार कार्यालय पोखराले दिएको जानकारी अनुसार संघीय सरकारतर्फ २३, प्रदेश सरकारका १६ र स्थानीय सरकारका बिरुद्ध ९२ उजुरी दर्ता भएका छन् ।

गएको आर्थिक वर्ष दर्ता भएका नगरपालिकातर्फ चापाकोटका ३९, पुतलीबजारका २६, वालिङका १९, गल्याङ्का १५, भीरकोटका दुई तथा गाउँपालिकातर्फ अर्जुनचौपारीका १३, बिरुवाका ७, आँधीखोलाका चार, कालीगण्डकीका तिन, हरिनासका दुई र फेदिखोलाका एक गरि दर्ता भएका १३१ उजुरी उपर छानविन तथा अनुसन्धान भईरहेको छ ।

दर्ता भएका उजुरी मध्ये १०२ फछ्र्यौट भएका छन् भने २९ उजुरी अनुसन्धानकै क्रममा रहेको अख्तियारका सूचना अधिकारी राकेश पाण्डेले जानकारी दिए । चापाकोटको १४, पुतलीबजारको चार, गल्याङ्को तिन, वालिङको दुई, आँधीखोलाको तिन, अर्जुनचौपारीको एक, कालीगण्डकीको एक, हरिनासको एक गरि २९ वटा उजुरी अख्तियारको अनुसन्धानकै क्रममा रहेका छन् ।

भीरकोट, बिरुवा र फेदिखोलाका उजुरीहरु फछ्र्यौट भई शुन्यमा झरेको जनाईएको छ । अख्तियारको कार्यालयले दिएको जानकारी अनुसार स्थानीय तह (संघीय मामिला), शिक्षा, पर्यटन, विज्ञान तथा प्रविधि विषयका कार्यालय बिरुद्ध बढि उजुरी परेका थिए । अख्तियारको तथ्याङ्क अनुसार पछिल्लो आर्थिक वर्षको तुलनामा अघिल्लो वर्ष धेरै उजुरी परेका थिए ।

# रेडक्रस दिवसमा घार्मीमा सरसफाई तथा पुष्परोपण

पोखरापत्र संवाददाता
पोखरा, १९ भाद्र

नेपाल रेडक्रस सोसाइटी उपशाखा, पोखरा- १९ ले पोखराको पर्यटकीय क्षेत्र घार्मीमा सरसफाई तथा पुष्परोपण गरेको छ ।

सोसाइटीको ६३ औं स्थापना दिवसको अवसरमा उपशाखाले स्थानीय ओमकारेश्वर महादेव मन्दिर परिसरमा वातावरणीय सरसफाई गर्नुका



साथै विभिन्न प्रजातिका २५ वटा फुलका विरुवा रोपिएको उपशाखाका स्वास्थ्य संयोजक श्यामसुन्दर आचार्यले जानकारी दिनुभयो। कार्यक्रमको शुरुवात गर्दै पोखरा १९ का वडाध्यक्ष पुष्पेन्द्र पाण्डेले यस क्षेत्रको धार्मिक तथा पर्यटकीय विकासका लागि वडाले सहयोग गरे पनि पर्याप्त नभएको बताउँदै, प्रदेश र केन्द्र सरकारले पनि ध्यान दिनुपर्ने आवश्यकता औंल्याउनु भयो । उहाँले वातावरणीय सरसफाईका लागि स्थानीयको भुमिका महत्वपुर्ण हुने हुँदा, यहाँका सामाजिक संस्था र टोल विकास समिति सक्रिय हुनुपर्नेमा जोड दिनुभयो । उपशाखाका सभापति रमेश विश्वकर्माको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा वडा सदस्य दुर्गादिवी बस्नेत गौतम, रेडक्रस सोसाइटी कास्कीका सदस्य नवराज पौडेल, महेन्द्र माविका प्रधानाध्यापक बासुदेव पौडेल, टोल विकास संस्थाका अध्यक्ष गोपाल प्रसाद पौडेल, मन्दिर व्यवस्थापन समितिका अध्यक्ष ढुण्डिराज पौडेल लगायतकाले पोखराबाट नजिकै भएर पनि यो क्षेत्र ओझेलमा परेको गुनासो गरे । स्वास्थ्य संयोजक श्यामसुन्दर आचार्यले स्वागत र सचिव माधव प्रसाद गौतमले सञ्चालन गरेको कार्यक्रममा सहभागीले संकलित प्लास्टिकजन्य फोहोरको वर्गिकरण गरी व्यवस्थापन गरेका थिए । सो कार्यक्रमलाई प्लास्टिकजन्य फोहोर मैला मुक्त वातावरण संरक्षण समिति कुरेचौर, स्वाभिमान टोल विकास संस्था, तेन्जिङ डोल्मा हेल्प नेपालले सहयोग गरेका थिए ।




# महाधिवेशन नेतृत्व चयन, नीति र उद्देश्य निर्धारण गर्ने थलो हो: सभापति देउवा

रासस
काठमाडौं, १९ भाद्र

नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले महाधिवेशन केवल नेतृत्व चयनको प्रक्रिया मात्र नभई नीति, दिशा र उद्देश्य निर्धारण गर्ने ऐतिहासिक अवसर भएको बताउनुभएको छ ।

'आफ्नै देशको उत्पादन हाम्रो सान, कृषिमा उत्पादन हाम्रो अभियान' भन्ने नाराका साथ आजदेखि काठमाडौँमा सुरु भएको नेपाली कांग्रेसको भ्रातृसंस्था नेपाल किसान महासङ्घको चौथो केन्द्रीय महाधिवेशनलाई सम्बोधन गर्नुहुँदै सभापति देउवाले १४ वर्षपछि हुन लागेको यस महाधिवेशनले नेपाली किसानमा नयाँ ऊर्जा र हौसला प्रदान गर्ने बताउनुभयो ।

"म सङ्गठनलाई अझ प्रभावकारी, उत्तरदायी र किसानमैत्री बनाउन महाधिवेशन सफल होस् भन्ने कामना गर्दछु", उहाँले भन्नुभयो, "नेपाली कांग्रेसको गौरवशाली इतिहासमा किसान आन्दोलन सधैँ प्राथमिकतामा रहिआएको छ, नेपाली कांग्रेसले समाजवादको बाटो अपनाउँदा, त्यो बाटो किसान, श्रमिक र सर्वसाधारणको उन्नति, प्रगति र मुक्तिका लागि थियो ।"

उहाँले नेपाली कांग्रेसको लक्ष्यप्राप्तिका लागि लोकतन्त्रवादी किसानलाई गोलबद्ध गर्दै किसानको हकहितका पक्षमा आवाज बुलन्द गर्न महासङ्घ स्थापना भएको उहाँको भनाइ थियो । "आज हामी त्यस्तो समयको मोडमा छौँ, जहाँ कृषकले विभिन्न चुनौतीको सामना गरिरहनुभएको छ, जलवायु परिवर्तन, उत्पादनको उचित मूल्य नपाउनु, सिँचाइको अभाव र कृषि अनुदान तथा सहुलियत सेवामा पहुँचको अभावजस्ता समस्याले किसान पीडित छन् । यस्तो अवस्थामा, किसान महासङ्घले यी विषयलाई नीतिगत तहमा पुर्‍याउनु र समाधानका लागि दबाब सिर्जना गर्नु अत्यन्त आवश्यक छ", उहाँले भन्नुभयो । उहाँले कृषिमा आत्मनिर्भर हुन वास्तविक किसानले अनुदान प्राप्त हुने अवस्थाको सुनिश्चितता आवश्यक भएको उल्लेख गर्नुभयो । उहाँले कृषिलाई व्यवसायीकरण गर्ने, कृषि उत्पादनमा प्रविधिको प्रयोग बढाउने, कृषकलाई सामाजिक सुरक्षाको दायरामा ल्याउन जरुरी रहेको बताउनुभयो । नेपाली कांग्रेसका उपसभापति पूर्णबहादुर खड्काले महाधिवेशनमार्फत आउने नेतृत्वले पार्टीको केन्द्रीय समितिलाई किसानको समस्या समाधानका लागि नीतिगत विषयमा सुझाव दिन आग्रह गर्नुभयो । उहाँले निराशा बाँडेर कुनै उपलब्धि हासिल गर्न सक्दैनौँ भन्दै किसानको समस्या समाधानका किसान महासङ्घको आउने नेतृत्वले प्रभावकारी काम गर्नेमा विश्वास गर्नुभयो ।

कांग्रेसका उपसभापति धनराज गुरुङले कृषिमा उत्पादकत्व कसरी बढाउने भन्नेमा ध्यान दिएर अगाडि बढ्नुपर्नेमा जोड दिनुभयो । उहाँले तीनै तहको सरकारले किसान र कृषि क्षेत्रको समस्या समाधान गर्नेगरी लाग्न आवश्यक रहेको बताउनुभयो । पार्टीका कोषाध्यक्ष उमेश श्रेष्ठले नेपालमा कृषि क्षेत्रमा सम्भावना धेरै रहेको भन्दै कृषिको बजेटलाई बढाएर त्यहीअनुसार व्यवस्थापन गर्न लाग्नुपर्नेमा जोड दिनुभयो ।

सहमहामन्त्री भीष्मराज आङ्देम्बेले उत्पादन हुने खेतबारी कङ्क्रिटयुक्त हुँदै गएको भन्दै राज्यले खेतीयोग्य जमिनको संरक्षण गर्दै उत्पादन र उत्पादकत्व वृद्धि गर्नाका साथै किसानका समस्या समाधानमा पार्टीका तहगत संरचनाले ध्यान दिनुपर्नेमा जोड दिनुभयो ।

# नेपाल र बङ्गलादेशबीच हुने खेलको तयारी पूरा

रासस
काठमाडौं, १९ भाद्र

नेपाली राष्ट्रिय फुटबल टोली र बङ्गलादेशको राष्ट्रिय पुरुष फुटबल टोलीबीच हुने मैत्रीपूर्ण खेलका लागि सबै तयारी पूरा भएको अखिल नेपाल फुटबल सङ्घ(एन्फा) ले जनाएको छ ।

यही भदौ २१ र २४ गते हुने दुई मैत्रीपूर्ण फुटबल खेलका लागि सम्पूर्ण तयारी पूरा भएको एन्फाका प्रवक्ता सुरेश शाहले आज यहाँ आयोजित पत्रकार सम्मेलनमा जानकारी दिनुभयो । उक्त खेलका लागि बङ्गलादेशको राष्ट्रिय फुटबल टोली यही भदौ १८ गते नै नेपाल आइसकेको छ । बङ्गलादेशी टोलीलाई अभ्यासका लागि भद्रकालीस्थित नेपाली सेनाको खेल मैदान र ललितपुरको च्यासलस्थित च्यासल रङ्गशालाको मैदानको व्यवस्था गरिएको एन्फाले जनाएको छ । प्रतियोगिताको मार्केटिङ र डिजिटल अधिकार एडी रिलिज प्राइभेट लिमिटेडलाई प्रदान गरेको प्रवक्ता शाहले जानकारी दिनुभयो । उक्त खेलका लागि भिआइपी प्याराफिटतर्फ रू एक हजार र साधारण प्याराफिटर्फ रू पाँच सय टिकट दर निर्धारण गरिएको छ । दुवै खेलको समग्र विजेतलाई ट्रफी र पदक प्रदान गरिने एन्फाले जनाएको छ । यदी दुवै खेलबाट नतिजा नआएमा दोस्रो खेलपछि पेनाल्टी सुटआउटमार्फत विजेता तय हुनेछ । उक्त प्रतियोगिता सञ्चालनका लागि करिब रु एक करोड २७ लाख ५८ हजार एक सय ६८ खर्च लाग्ने आयोजकको भनाइ छ ।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

## सुक्तिसुधा

एक टन सिद्धान्तको तुलनामा एक औंस कामको धेरै मूल्य हुन्छ । – फ्रेडरिक एंगेल्स

## सम्पादकीय

# सामाजिक सञ्जाल बन्द समस्याको समाधान होइन

नेपालमा सूचीकरणका लागि सम्पर्कमा नआएका सामाजिक सञ्जाल बन्द हुने भएका छन् । मन्त्रिपरिषद् बैठकले सात दिनका लागि दिएको समयमा सूचीकरणका लागि सम्पर्कमा नआएका सबै सामाजिक सञ्जालमाथि सरकारले प्रतिबन्ध लगाउने निर्णय गरेको छ । बिहीबार सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङको नेतृत्वमा बसेको बैठकले सूचीकरणका लागि सम्पर्कमा नआउने सामाजिक सञ्जालमाथि प्रतिबन्ध लगाउने निर्णय गरेको छ । मन्त्री गुरुङ, मन्त्रालयका अधिकारी, नेपाल दूरसञ्चार प्राधिकरण, टेलिकम अपरेटर, इन्टरनेट सेवा प्रदायक कम्पनीका प्रतिनिधि सहभागी बैठकपछि यो निर्णय सार्वजनिक भएको छ । सञ्चार मन्त्रालयले सर्वोच्च अदालतको बृहत् पूर्ण इजलासले अदालतको अवहेलना सम्बन्धी मुद्दामा सामाजिक सञ्जाल सूचीकरणका लागि नेपाल सरकारको नाममा निर्देशनात्मक आदेश दिएको थियो । उक्त आदेश अनुसार भदौ ९ गतेको मन्त्रिपरिषद बैठकको निर्णय अनुसार सूचीकरणका लागि अनुरोध गर्दै सञ्चारमन्त्रालयले भदौ १२ गते सूचना सार्वजनिक गरेको थियो । सूचना अनुसार तोकिएको समयमा सूचीकरणमा नगरेका सामाजिक सञ्जाललाई बन्द गर्न मन्त्रालयले बिहीबार दूरसञ्चार प्राधिकरणलाई दिर्नेशन दिएको हो । मन्त्रालयले सूचीकरण भए पुनः सक्रिय गराउनसमेत निर्देशन दिएको छ ।

हालसम्म टिकटक, भाइबर, निम्बुज, वीटक र ओपोलाइट गरी पाँच प्लेटफर्म सूचीकरण भइसकेका छन् । टेलिग्राम र ग्लोबल लिंक दर्ताको प्रक्रियामा छन् । आम मानिसको जीवन शैली बनिसकेको समाजिक सञ्जाल बन्दबाट धेरै असर पर्न सक्छ । साइबर सुरक्षा विज्ञका अनुसार सामाजिक सञ्जाल बन्द भए साइबर सुरक्षा जोखिम बढ्न सक्छ। केही कुरा बन्द हुँदा विकल्प खोज्ने मानवीय स्वभाव नै हो । त्यसमा पनि भीपीएनको प्रयोग झन् बढेर जान्छ । त्यसैले हाम्रोजस्तो साइबर चेतनास्तर कम भएको मुलुकमा नागरिकले विकल्प खोज्दा साइबर सुरक्षाको जोखिम झ देखिन्छ । यस्ता भीपीएनहरू 'नन-एट्रिब्युटेबल' हुने भएकाले अपराधीलाई कारबाही गर्न कठिन हुन्छ । टिकटक बन्द हुँदा भीपीएनमार्फत धेरै साइबर अपराधका घटना भएका उदाहरण छन् । नागरिकले विकल्प खोज्दा झन् साइबर जोखिमको सिकार हुने सम्भावना हुन्छ । अपराधीले पनि यस्ता मौका कुरेर बसिरहेका हुन्छन् । अधिकांश नेपाली परिवारका युवा बाहिर छन् । तिनै आप्रवासीले देशको अर्थतन्त्र धानिरहेको अवस्था छ । र, उनीहरुको नेपाल वा घरसँगको सम्बन्धको लागि सबैभन्दा महत्वपूर्ण हिस्सा बनिसकेको छ सामाजिक सञ्जाल । यी बन्द हुँदा त्यो क्षेत्रमा विशेष असर गर्नसक्ने समाजशास्त्रीको मत छ । वैदेशिक रोजगारीमा रहेका लाखौं नेपाली श्रमिक र उनीहरूका परिवारको सामाजिक-भावनात्मक सम्बन्धमा ठूलो असर पर्न सक्छ । सञ्जालले विदेशमा रहेका श्रमिकलाई परिवार, समाज र संस्कृतिसँग जोडिराखेको छ । प्लेटफर्म बन्द भएमा श्रमिक र परिवार बीचको भावनात्मक सम्बन्ध टुट्छ, जसले नैराश्यता, एक्लोपन र मनोवैज्ञानिक दबाब बढाउँछ ।

अहिले ठूलो समूह समाजिक सञ्जालबाट व्यवासय गर्ने गर्छन् । त्यसैले यसले नेपालको अनौपचारिक अर्थतन्त्र प्रभावित हुनसक्छ । सामाजिक सञ्जाल हाम्रो मार्केटिङको सबैभन्दा ठूलो प्लाटफर्म बनिसकेको छ । यकिन तथ्याङ्क नरहेपनि ग्राहकदेखि बिक्रेतासम्म सामाजिक सञ्जालमा भर पर्न थालेका छन् । सामान किन्दा वा चाहिएको कुरा खोज्दा धेरैजसो सामाजिक सञ्जालमै भर पर्ने गरेका छन् । त्यसैले यो बन्दा हुँदा मार्केटिङ सबैभन्दा ठूलो च्यानल गुम्छ । पछिल्लो समय युवाहरुले कम लागतमा स्टार्टअप गर्ने सबैभन्दा ठूलो आधार सामाजिक सञ्जाल नै बनेको छ । यसबाट कन्टेन्ट मार्केटिङ गरेर व्यवसायमा हात हाल्न सहज भएको छ । नेपालमा सामाजिक सञ्जाल बन्द हुँदा यो तप्का प्रभावित हुन्छ । त्यस्तै, यदि फेसबुक, इन्स्टाग्राम जस्ता प्लेटफर्म बन्द भए नेपाली स्टार्टअप र अनौपचारिक अर्थतन्त्रमा ठूलो असर पर्ने व्यसायीहरुको धारणा छ । सामाजिक सञ्जाल साना/ठूला व्यवसायी र स्टार्टअपका लागि मार्केटिङको प्रमुख आधार बनेको छ । राष्ट्रिय तथ्याङ्क कार्यालयको २०१८ को आर्थिक गणनाले नेपालमा ९ लाख २३ हजार व्यवसाय रहेको देखाउँछ, जसमध्ये ४९ प्रतिशत दर्ता नभएका अनौपचारिक छन् । यस्ता व्यवसायले सामाजिक सञ्जालमार्फत बजार विस्तार, विज्ञापन र आयआर्जन गरिरहेका छन् । त्यस्तै, आईएफसी (इन्टरनेशनल फाइनान्स कर्पोरेसन) को एक अध्ययनले पनि अनौपचारिक क्षेत्रले अर्थतन्त्रको ३८ प्रतिशत योगदान दिएको छ ।

सञ्जाल बन्द हुँदा यसले अभिव्यक्ति स्वतन्त्रतामा पनि संकुचन ल्याउँछ । सामाजिक सञ्जाल बन्दा भए अभिव्यक्ति स्वतन्त्रता र सामाजिक सम्पर्कमा क्षति पुग्छ । सामाजिक सञ्जाल नेपालीहरूका लागि सञ्चार, अभिव्यक्ति र व्यापारिक गतिविधिको प्रमुख माध्यम बनेको छ । त्यसैले विकल्प विना बन्द हुँदा यसले अभिव्यक्ति खुम्च्याउँछ । व्यक्तिहरुको लागि अहिले सामाजिक सञ्जाल सञ्चारको ठूलो आधार बनेको छ । यो हुँदा अभिव्यक्ति स्वतन्त्रतासँगै सञ्चार पनि खुम्चिन्छ । कुनै पनि अनियमिततादेखि अरू कुरा विरुद्ध आवाज उठाउन पनि यसले सहयोग पुऱ्याएको छ । अहिले दैनिक जीवन बनेको सामाजिक सञ्जाल बन्द ईगो को रुपमा नलिई अन्य उपाय खोज् जरुरी छ ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : स्वास्थ्यमा सुधार | तुला | : शारीरिक झमेला |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : मानसिक तनाब |
| मिथुन | : कार्यमा सफलता | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : शत्रुको भय |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : झमेला बड्ने |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : शुभ यात्रा |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।


# बागलुङमा डेङ्गुभन्दा स्क्रब टाइफसका बिरामी धेरै

पोखरापत्र संवाददाता
बागलुङ, १९ भाद्र

बागलुङमा डेङ्गुभन्दा स्क्रब टाइफसका बिरामी धेरै देखिएका छन् । साउनयता जिल्लामा २० जनामा डेङ्गु सङ्क्रमण देखिँदा १५८ जनामा स्क्रब टाइफसको सङ्क्रमण देखिएको छ ।

स्वास्थ्य कार्यालय बागलुङका जनस्वास्थ्य निरीक्षक लक्ष्मी शर्माका अनुसार डेङ्गुभन्दा आठ गुणाबढी स्क्रब टाइफस देखिएको छ । स्क्रब टाइफसका सबैभन्दा धेरै सङ्क्रमित गलकोट नगरपालिकामा फेला परेका छन् । गलकोट नगरपालिकामा १३५ जना स्क्रब टाइफसबाट सङ्क्रमित भएका छन् । त्यसपछि बडिगाड गाउँपालिकामा आठ, ताराखोला गाउँपालिकामा चार र ढोरपाटन नगरपालिकामा एक जना सङ्क्रमित भेटिएका छन् । अन्य जिल्ला ठेगाना भएका छ जना सङ्क्रमित भएका छन् । गलकोट नगर अस्पतालमा १५८ जनामध्ये १५३ जना, धौलागिरी अस्पतालमा चार जना र बुर्तिबाङ अस्पतालमा एक जनामा स्क्रब टाइफस पुष्टि भएको हो । गलकोट नगर अस्पतालमा आउने बिरामीमध्ये दैनिक न्यूनतम पाँच जनासम्मका बिरामीमा स्क्रब टाइफस देखिएको छ । अन्यत्रभन्दा यहाँ धेरै परीक्षण गरेका कारण सङ्क्रमणको सङ्ख्यासमेत बढी पाइएको गलकोट नगर अस्पतालका प्रमुख डा राजेश पौडेलले बताउनुभयो । उहाँले अहिले अस्पतालमा सात जना स्क्रब टाइफस र डेङ्गुका बिरामी उपचाररत रहेका र अन्य बिरामी उपचारपछि घर फर्केको जानकारी दिनुभयो । स्क्रब टाइफस मुख्यतया झारपात र घाँसपातमा बस्ने किराबाट फैलने भएकाले सावधानी अपनाउन पर्ने स्वास्थ्यकर्मी बताउँछन् । सङ्क्रमितलाई उच्च ज्वरो, टाउको दुख्ने, शरीरमा रातो दाग आउनेलगायतका लक्षण देखिने गर्छ । यसैगरी, बागलुङमा चालु आर्थिक वर्षमा पुष्टि भएका २० जना डेङ्गु सङ्क्रमितमध्ये सबैभन्दा बढी गलकोट नगरपालिकामै रहेको पाइएको छ । जिल्लामा डेङ्गु सङ्क्रमितको सङ्ख्या बढ्दै गएको जनस्वास्थ्य निरीक्षक शर्माले बताउनुभयो । उहाँका अनुसार बागलुङका १० स्थानीय तहमध्ये सबैभन्दा बढी गलकोट नगरपालिकामा नौ जना सङ्क्रमित छन् । ढोरपाटन नगरपालिकामा चार, ताराखोला गाउँपालिकामा दुई, बागलुङ नगरपालिकामा तीन, काठेखोला गाउँपालिका र निसीखोला गाउँपालिकामा एक/एक जना डेङ्गु सङ्क्रमित भेटिएका छन् । अन्य पालिकामा हालसम्म डेङ्गु सङ्क्रमित भेटिएका छैनन् । डेङ्गु सङ्क्रमित २० मध्ये गलकोट नगर अस्पतालमा ११, बुर्तिबाङ अस्पतालमा पाँच र धौलागिरि अस्पतालमा चार जना उपचारपछि घर फर्केका छन् ।

# सूचीकृत हुन नआएका सामाजिक सञ्जाल आजदेखि निष्क्रिय : मन्त्री गुरुङ

रासस
काठमाडौं, १९ भाद्र

सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले आजसम्म सूचीकृत हुन नआएका सामाजिक सञ्जाललाई निष्क्रिय हुने बताउनुभएको छ ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा आज पत्रकारहरुसँग कुरा गर्दै मन्त्री गुरुङले सूचीकृत हुन नआएका सामाजिक सञ्जाललाई निष्क्रिय गराउन नेपाल दूरसञ्चार प्राधिकरणलाई निर्देशन दिइसकेको बताउनुभयो । सर्वोच्च अदालतले प्रधानन्यायाधीशसहितको बृहत पूर्ण इजलासले अदालतको अवहेनासम्बन्धी मुद्दामा २०८० वैशाख १२ मा स्वदेशी तथा विदेशी उत्पतिका अनलाइन तथा सामाजिक सञ्जाल प्लेटफर्महरुलाई सञ्चालन पूर्व अनिवार्य सम्बन्धित निकायमा सूचीकरण गर्न नेपाल सरकारको नाममा आदेश दिएको थियो ।

उक्त आदेश पालना गर्दै मन्त्रिपरिषद्को यही भदौ ९ गतेको बैठकले नेपालमा सामाजिक सञ्जाल सञ्चालन गर्ने इच्छुक व्यक्ति, कम्पनी वा संस्थाले सूचीकृत हुन आव्हान गरेको थियो । नेपाल सरकारले जारी गरेको सामाजिक सञ्जालको प्रयोग व्यवस्थित गर्न बनेको निर्देशिका-२०८० बमोजिम सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा आफ्नो प्लेटफर्मको सूचीकरणका लागि सोही निर्देशिकाका अनुसूची १ बमोजिमको ढाचाँमा तोकिएको कागजातहरु संलग्न गरी ७ दिनभित्र निवेदन दिन भनेको थियो । मन्त्रालयले निवेदन दिँदा इच्छुक व्यक्ति, कम्पनी वा संस्थाले नेपालभित्र सम्पर्क विन्दु, आवासीय गुनासो सुन्ने अधिकारी, स्वनियम परिपालनको निगरानी अधिकारीसमेत तोक्ने सार्वजनिक सूचना प्रकाशन गरिएको थियो ।

मन्त्री गुरुङले भन्नुभयो, "तोकिएको समयभित्र सूचीकृत गर्न नआउने सामाजिक सञ्जाललाई नेपालभित्र निष्क्रिय गराउन र सूचीकरण गरेको क्षणदेखि पुनःसक्रिय गराउन नेपाल दूरसञ्चार प्राधिकरणलाई निर्देशन दिइसकेको छ ।"

मन्त्री गुरुङले करिब २५ वटा सामाजिक सञ्जाल सूचीकृत हुन आउनुपर्ने र सूचीकृत गर्नका लागि कुनै पनि खर्च नलाग्ने बताउनुभयो । उहाँले सिधा कुरा डटकमको मुद्दामा अदालतले फैसला गर्दा सबै सामाजिक सञ्जालहरु सञ्चार मन्त्रालयमा दर्ता हुनुपर्ने र दर्ता भएर सञ्चालन दर्ता हुन नआएमा गैरकानुनीरुपमा सञ्चालन हुन नदिन भनेको छ ।

"सात दिनभित्र दर्ता गर्न आउनु भनेका थियौं, त्यो मिति आजसम्म थियो, आजकै मितिदेखि सामाजिक सञ्जाल निष्क्रिय गराउँछौं", मन्त्री गुरुङले भन्नुभयो, "मुलुकमा कर तिरेको छ कि छैन भनेर सूचीकृत गर्न खोजेको होइन, सामाजिक सञ्जालका कारण भएको अपराधीकरण, सामाजिक सांस्कृतिक क्षेत्रमा खलल पार्ने खालको काम गरेको छ, पैसा तिर्ने कुरा आएको छैन ।"

# चापाकोटको रामडाँडा पर्यटकले भरिभराउ

पोखरापत्र संवाददाता
स्याङ्जा, १९ भाद्र



चापाकोटको पर्यटकीय क्षेत्र रामडाँडा आन्तरिक पर्यटकले भरिभराउ भएको छ । बर्खा सकिए लगतै दृश्यावलोकनका लागि पुग्ने आन्तरिक पर्यटकले रामडाँडा भरिभराउ भएको हो । पछिल्लो समय रामडाँडामा दैनिक झण्डै ३/४ सयको संख्यामा आन्तरिक पर्यटक पुग्ने गरेका छन् ।

जिल्लाका वालिङ, गल्याङ, हरिनाश, छिमेकी पाल्पा, गुल्मी, तनहुँ र पर्वत जिल्लाबाट आन्तरिक पर्यटक रामडाँडा पुगेका छन् । रामडाँडा पुग्ने अधिकांश आन्तरिक पर्यटकले धार्मिक मनोकांक्षा पुरा हुने अपेक्षा सहित दृश्यावलोकनलाई प्राथमिकता दिने गरेका छन् । आसपासका विद्यालय, युवा क्लब, आमा समूहले भ्रमण गर्ने रामडाँडा युवायुवतीका लागि पिकनिक गन्तव्य बन्दै गएको छ । रामडाँडाबाट स्याङ्जाको उत्तरीभेग, पाल्पाको रामपुर उपत्यका, तनहुँ, कास्की, नवलपुर जिल्लाका पहाडी भूभाग दृश्यावलोकन गर्न सकिन्छ । विशेष गरि माछापुच्छ्रे, धौलागिरी, अन्नपूर्ण सहितका हिमश्रंखला अवलोकन गर्न पर्यटक आउने गरेको स्थानीय दानबहादुर थापाले बताए । चाडपर्व शुरुवात भएसँगै आन्तरिक पर्यटकले रामडाँडा भरिभराउ भएको थापाले सुनाए । चापाकोट नगरपालिकाको सक्रियतामा गण्डकी प्रदेश सरकारको सहयोगमा रामडाँडामा पछिल्लो सयम भौतिक संरचना बन्दै गएको छ । पुरानो मनकामना मन्दिरको जिर्णोद्धार, भगवान शिवको अग्लो प्रतिमा सहितको पार्क निर्माण, प्रतिक्षालय, पिकनिक स्थल बनाउँनै पछिल्लो ६ वर्षको अन्तरालमा सरकारका तर्फबाट झण्डै ४० लाख लगानी भएको छ । पर्यटकीय पूर्वाधार बन्दै गएपनि पर्यटक क्षेत्रको थप व्यवस्थापन गर्न आर्थिक अभाबले सकिएको छैन् । रामडाँडाको पर्यटकीय गतिविधि व्यवस्थापनको जिम्मेवारी स्थानीय सृजना क्लबले लिएको छ । आन्तरिक पर्यटकले भरिभराउ भएपनि नियमित श्रोत अभाबमा पर्यटकलाई थप सेवा र आवश्यक सहजीकरण गर्न नसकिएको क्लबका अध्यक्ष निर्मल थापाले बताए । रामडाँडामा पर्यटकको आगमनसँगै आर्थिक गतिविधि बढ्दै गएको छ । स्थानीय युवाहरु स्वरोजगार मुलक आयआर्जनमा लागेका छन् । युवायुवती विहीन बन्दै गएको गाउँमा आन्तरिक पर्यटकले चहलपहल बढाउँदै लगेको अध्यक्ष थापाले जानकारी दिए । रामडाँडा पुग्ने पर्यटकको बसाई लम्बाउन सके स्थानीयको आर्थिक उन्नतीमा टेवा पुग्नेमा थापाले विश्वास जनाए ।

पर्यटकीय क्षेत्र रामडाँडाबाट हिमश्रंखला र पहाडी क्षेत्रको दृश्यावलोकन गर्दा आनन्द हुने र सुखानुभूति मिल्ने गरेको पर्यटक बताउँछन् । जाडोयाममा घमाईलो र गर्मियाममा चिसो हावा पाईने रामडाँडा पुग्ने पर्यटकले वातावरणीय रुपमा मज्जा लिदै आएको उनीहरुले बताए । आन्तरिक पर्यटकले खचाखच भरिने रामडाँडामा भने बिदेशी पर्यटक नगन्य मात्रामा पुग्ने गरेका छन् । हिन्दु धर्मालम्बिहरुको आस्थाको मनकामना मन्दिरमा श्रावण बाहेक वर्षभरिको पूर्णिमाका दिन बलि चढाएर पुजाआजा गरिन्छ । बडादशै र चैतेदशैको पूर्णिमाका दिन ठूलो मेला र अन्य महिनाको पूर्णिमामा बलि चढाउन आउने आन्तरिक धार्मिक पर्यटकको संख्या पनि उत्तिकै छ । रामडाँडासँगै उपल्लो डाँडाको कोटकालिका मन्दिरमा त्यस क्षेत्रका हिन्दु धर्मालम्बिहरुले पञ्चबली (पाँच जनावरको एकसाथ बध गर्ने) पुजा लगाउने गरेका छन् । सिद्धार्थ राजमार्गको पोखरा-बुटवल खण्ड अर्न्तगत वालिङको मिर्दिबाट झण्डै २०, पृथ्वी राजमार्गको पोखरा-काठमाडौं खण्डको तनहुँको दुलेगौडाबाट हरिनाश हुँदै करिब ३० र पाल्पाको रामपुरबाट चापाकोट-८, दामाचौर हुँदै झण्डै ९ किलोमिटरको यात्रापछि चापाकोट नगरपालिका-५ सेखामास्थित समुन्द्र सहतदेखि झण्डै ११ सय मिटर उचाईमा रहेको प्याराग्लाईडिङ्गका लागि प्रचुर सम्भाबना बोकेको रामडाँडा पुग्न सकिन्छ ।

# बन्दीपुरको धानबालीमा ब्लाष्ट रोग देखियो

पोखरापत्र संवाददाता
दमौली, १९ भाद्र

यहाँको बन्दीपुर गाउँपालिका-१ नाहालास्थित धानबालीमा मरुवा (ब्लाष्ट) रोग देखा परेको छ । नाहालामा लगाइएको धानबालीको अनुगमनका क्रममा उक्त रोग देखिएकाले समयमा सतर्कता अपनाउन कृषकलाई अनुरोध गरिएको छ ।

धानबालीसम्बन्धी कुनै समस्या देखा परेमा तुरुन्त कृषि प्राविधिक वा कृषि विकास शाखामा सम्पर्क गर्न कृषकलाई आग्रह गरिएको गाउँपालिकाका कृषि शाखाका प्राविधिक सहायक दिनेश सुवर्णकारले बताउनुभयो । उहाँका अनुसार ब्लाष्ट रोग धानका बाला तथा बेर्नामा लाग्ने एक प्रकारको ढुसीजन्य रोग हो ।

धानबालीमा लाग्ने प्रमुख रोगहरू मध्यको यो एक भएको बताउँदै उहाँले भन्नुभयो, "यो रोगले ब्याडका बेर्ना मार्ने तथा धानका बालालाई सुकाउने गर्छ । जुन, सन् १९६६ मा पहिलो पटक देखिएको थियो ।" यो रोग बिउबाट पनि सर्ने भएकाले अघिल्लो वर्ष रोग देखिएका ठाउँका बिउ उपचार नगरी वा रोगी बिरुवा प्रयोग गर्दा फैलिएको हुनसक्ने उहाँको भनाइ छ । कृषि प्राविधिक सुवर्णकारले भन्नुभयो, "रोग लागेका धानबालीको पातमा स-साना सेतो टिका जस्तो देखिने दाग, बीचमा भएका खैरा थोप्ला देखा पर्ने तथा फलेको धानमा बाला तलतिर डाँठको वरिपरि वा आख्लामा खैरो रङको दागहरू देखिने र बाला मर्ने समस्या देखा पर्दछ । ढुसीले अनुकूल भएको समयमा विभिन्न भागमा विस्तारै गोलो, लाम्चो आँखा जस्तै आकार बनाउँछ र बीचमा खरानी रङ तथा बाहिर खैरो रङ भएका थोप्लाहरू देखा पर्दछन् ।"

उक्त समस्याबाट धानबालीलाई जोगाउन गत वर्ष रोग नदेखिएको मूल बिउबाट मात्र बिउको छनोट गर्नुपर्ने, पर्याप्त घाम लाग्ने ठाँउमा राम्रोसँग हिलो बनाएर बिउ राख्ने, नुनपानीको सहायताले बिउबाट भुस छान्नेलगायत काम गर्न सकिने उहाँले सुझाव दिनुभयो ।

# निजी विद्यालयलाई गैरनाफामुखी बनाउने कुरा अमान्य : निजी विद्यालयका सञ्चालक

रासस
काठमाडौं, १९ भाद्र

विद्यालय शिक्षा विधेयकमा निजी क्षेत्र लगानी सुनिश्चत हुने गरी बनाउनुपर्नेमा जोड दिनुभएको छ ।

शिक्षा पत्रकार सञ्जाल (इजोन)ले आयोजना गरेको विद्यालय शिक्षा विधेयकका समस्या र समाधानका उपाय विषयक अन्तरक्रिया कार्यक्रमा निजी विद्यालयका सञ्चालकले विधेयकमा गैरनाफामूलुक बनाउने कुरा अमान्य भएको जनाउँदै लगानी सुरक्षित गर्नुपर्नेमा जोड दिनुभयो । उच्च विद्यालय तथा माध्यामिक विद्यालय सङ्घ नेपालका (हिसान)का कार्यवाहक अध्यक्ष युवराज शर्माले सबैलाई सम्बोधन गर्ने खालको विधेयक नआउने भन्दै विधेयकलाई निजी शिक्षण संस्थालाई कमजोर बनाउने नहुने बताउनुभयो । उहाँले राज्यले निजी क्षेत्रलाई स्थान दिने देखिने पनि शिक्षा विधेयकले निजी लगानीका विद्यालयमा पनि असर गर्ने बताउनुभयो । विधेयकले सामुदायिक विद्यालयको शिक्षा गुणस्तर हुन्छ भन्नेमा शङ्का उत्पन्न भएको बताउनुभयो । उहाँले विधेयक शिक्षामा युगान्तकारी परिवर्तन खालको नभएको भन्दै अझ संशोधन गर्नुपर्ने बताउनुभयो । उहाँले पाठ्यक्रम सुधारका कुरा विधेयकमा राख्नुपर्नेमा जोड दिनुभयो । उहाँले निजी विद्यालयलाई अझ उत्तरदायी बनाउँदै निजी विद्यालयको लगानी सुनिश्चित गर्नुपर्ने बताउनुभयो । हिसानका कार्यवाहक अध्यक्ष शर्माले निजीले सामुदायिक विद्यालय व्यवस्थापन गर्ने कुरा विधेयकमा राख्नुपर्नेमा जोड दिनुभयो । निजी तथा आवासीय विद्यालय सङ्गठन (एनप्याब्सन)का अध्यक्ष कृष्ण अधिकारीले सरकारले शिक्षालाई धान्छ भने आफूहरूले अन्य व्यवसाय गर्ने बताउनुभयो । उहाँले विधेयकमा निजी क्षेत्रको लगानी सुनिश्चित नगरे विद्यालय बन्दसम्मको आन्दोलन गर्ने जानकारी दिनुभयो । राष्ट्रिय निजी तथा आवासीय विद्यालय सङ्गठन नेपाल (एनप्याब्सन)का अध्यक्ष सुवास न्यौपानेले विधेयकले शिक्षाको गुणस्तर सुधार्न ध्यान नदिएको बताउनुभयो । उहाँले अहिलेको २१औं शताब्दिको शिक्षालाई मार्गदर्शन गर्न नसक्ने बताउनुभयो । "हामीले सबै पैतृक लगानी गरेर निजी विद्यालय बनाएका छौं । तर अहिले आएर विधेयकमा कम्पनी अन्तर्गत गैरनाफामूलुक भनेर निजी विद्यालयलाई परिभाषित गरिएको छ" उहाँले भन्नुभयो, "निजी विद्यालय गैरनाफामूलक बनाउने कुरा विधेयकमा अमान्य रहेको छ । यसलाई संशोधन गर्नुपर्दछ ।"

# पाण्डवले चिनाएको पचभैयामा बढ्दै पर्यटक

**वासुदेव पौडेल**
गण्डकी १९ भाद्र/रासस

सात तालको बगैंचा सहरका रुपमा चर्चा कमाएको लेखनाथमा अवस्थित बेगनास र रुपा तालका बीचमा अवस्थित रमणीय ठाउँ हो, पचभैया । प्राकृतिक रुपमा मात्र यसको महत्व धार्मिक र ऐतिहासिक रुपमा पनि उत्तिकै छ।

महाभारतकालीन समयमा पाण्डवले पचभैयामा एक रात बिताएको विश्वास छ। गुप्तवासका क्रममा पाण्डवहरु यहाँस्थित पचभैया कोट देउराली क्षेत्रमा बास बसेको जनविश्वासका कारण यो धार्मिक हिसाबले महत्वपूर्ण रहेको पचभैया कोट देउराली संरक्षण तथा व्यवस्थापन समितिका पूर्वअध्यक्ष दीनानाथ ढकालले बताउनुभयो।

किंवदन्तीअनुसार गुप्तवासका क्रममा यही स्थानमा पाण्डवहरूले यहाँस्थित देउराली देवीको शक्ति प्राप्त गरेका थिए । सोही विश्वासकै कारण पचभैया कोट देउराली मन्दिरमा यस आसपासका दर्शनार्थीहरू अत्यन्त श्रद्धा विश्वासका पूजाआजा गर्न आउने गरेको उहाँको भनाइ छ।

साढे दुई दशक अघिसम्म देउरालीको थानका रुपमा सामान्य ढुङ्गाको शिला मात्र रहेकोमा स्थानीयको सक्रियताका कारण यहाँ मन्दिर निर्माण गरिएको हो। नजिकै रहेको कोट मन्दिरसमेतलाई समेट्दै यहाँको संरक्षण र विकास थालिएको हो। मन्दिर निर्माणका लागि विसं २०६० मा महायज्ञ गरी त्यहाँबाट



सङ्कलित झण्डै रु ५० लाखको सङ्कलन गरिएको थियो। मन्दिर परिसरमा हवनकुण्ड, पुजारी आवास र कार्यालय छन् । मन्दिरभित्रप्राचीनकालदेखिकैशिला राखिएको छ। किंवदन्तीअनुसार पाण्डव एकवर्षे गुप्तवासका क्रममा हिमालयमा तपस्या गर्न पुगे । तपस्याबाट फर्कने क्रममा पचभैयामा एक रात बिताएछन्। त्यसक्रममा उनीहरूले देवीको आराधना गरेको र उक्त स्थानमा देवी उत्पति भई उनीहरूलाई शक्ति प्रदान गरेको विश्वास छ।

पूर्वअध्यक्ष ढकालका अनुसार पाण्डव बसेको स्थान भएका कारण उक्त समयदेखि यस स्थानलाई पञ्चभैया भन्न थालियो। पछि अपभ्रंश हुँदै यस स्थानको नाम पचभैया हुन गएको हो । यहाँबाट विश्वका आठ हजार मिटरभन्दा बढी उचाइका अन्नपूर्ण, धवलागिरी, र मनास्लु हिम श्रृङ्खलालाई एक साथ अवलोकन गर्न सकिन्छ। यहाँबाट बेगनास र रुपा ताल पनि हेर्न सकिने होटेल तथा रेष्टुरेण्ट एशोसिएशन लेखनाथका पूर्वअध्यक्ष एवं सल्लाहकार दामोदरभक्त थापाले जानकारी दिनुभयो । बेगनास तालदेखि करिब डेढ किलोमिटर दूरीमा पर्ने पचभैया क्षेत्रबाट देखिने रमणीय हिमाली दृश्यका साथै तालतलैयाले यहाँको पर्यटकीय महत्वलाई अझै बढाएको उहाँको भनाइ छ। यहाँ पछिल्लो समयमा होटेल तथा रेष्टुरेण्टलगायतका पूर्वाधार निर्माण भइरहेको छ। हाल यस क्षेत्रमा १४ वटा घरवास (होमस्टे) सञ्चालनमा आइसकेका छन् भने केही होटल पनि छन्। जलपर्यटन सहित पर्यापर्यटनको पनि उत्तिकै सम्भावना रहेको यसै क्षेत्रमा निर्मित पचभैया प्राणी उद्यान केन्द्र यहाँको अर्को आकर्षण हो। बृहत पोखराको अवधारणाअनुसार यहाँको नयाँ पर्यटकीय आकर्षणका रूपमा लेखनाथ क्षेत्रका पचभैया, चैनपुर र चापापानी चिसाकुना सामुदायिक वनलाई समेटेर निर्माण गरिएको प्राणी उद्यान केन्द्र पछिल्लो समयमा यहाँको पर्यटकीय गन्तव्यका रुपमा विकास भएको पचभैया प्राणी उद्यान केन्द्र व्यवस्थापन समितिका अध्यक्ष दीनानाथ ढकालले बताउनुभयो।

गण्डकी प्रदेश सरकारअन्तर्गत डिभिजन वन कार्यालय कास्कीले हेर्ने गरी स्थानीयवासी, वन उपभोक्ता समितिका प्रतिनिधि र युनाइटेड क्लबका प्रतिनिधिसहितको सहभागितामा व्यवस्थापन समितिसमेत गठन गर्दै केन्द्र सञ्चालनमा ल्याइएको हो । खुला चिडियाखानाको अवधारणासहित सञ्चालनमा आएको केन्द्र सर्वसाधारणका लागि खुला गरिएको छ। केन्द्रमा आउने पर्यटकले चितुवा, निलगाई, रतुवा मृग, चित्तल, चरीबाग, वन बिरालो, स्याल, अजिङ्गर, सेता गिद्ध, लाटोकोसेरो, मयुर, कछुवा आदि गरी विभिन्न २२-२३ प्रजातिका वन्यजन्तु तथा पक्षी अवलोकन गर्न पाउँछन् । यस क्षेत्रमा चिडियाखाना स्थापना गर्ने सोच अनुरुप युनाइटेड क्लबले विसं २०६७ देखि अभियान नै सुरु गरेको थियो । केन्द्र परिसर एवं रुपाताल क्षेत्रमा चार सय ५० प्रजातिका जीवजन्तु तथा वनस्पति पाइन्छ । रुपातालमा २४ प्रजातिका माछाका साथै विभिन्न ३६ प्रजातिका चरा पाइन्छन् । स्थानीय सचेतना अभिवृद्धिका लागि यहाँ सञ्चालित सिड फाउण्डेशन नेपालमार्फत विभिन्न कार्यक्रम गर्दै आइएको संस्थापक अध्यक्ष दामोदरभक्त थापाको भनाइ छ। पचभैया क्षेत्रको भौगोलिक अवस्थिति एवं यहाँबाट देखिने मनोरम दृश्यकै कारण यो पर्यटकीय रुपमा आकर्षक गन्तव्यका रुपमा विकास भइरहेको हिमालय फरेष्ट रिसोर्ट पचभैयाका सञ्चालक प्रमोद भण्डारीले जानकारी बताउनुभयो।

# पहिरोले भवन बगाएपछि विद्यालय स्थानान्तरण

**पोखरापत्र संवाददाता**
म्याग्दी, १९ भाद्र

पहिरोले कक्षाकोठा भवन, शौचालय, खेलमैदानलगायत सबै संरचना बगाएपछि म्याग्दीको मालिका गाउँपालिका-४ मा रहेको ओखरबोट माध्यमिक विद्यालय स्थानान्तरण भएको छ।

ओखरबोटको फेदीमा रहेको पाखोबाट सुरु भएको पहिरोले पुरानो भवनसहित भौतिक संरचना बगाएपछि किमबोटमा अस्थायी भवन निर्माण गरी पठनपाठन सञ्चालन गरिएको हो।

आर्थिक वर्ष २०८१/८२ मा मालिका गाउँपालिकाको रु २० लाख अनुदानमा १३ कोठे कच्ची भवन बनाएर स्थानान्तरण गरिएको मालिका-४ का वडाध्यक्ष भिजेन्द्रमान पुनले बताउनुभयो । "विद्यालयको थप पूर्वाधारका लागि यस वर्ष रु दश लाख विनियोजन भएको छ", उहाँले भन्नुभयो, "पहिरो रोकथामका लागि सङ्घीय र प्रदेश सरकारसँग पहल गरेका छौं ।" चार/चार कोठे दुई वटा पक्की भवनमुनिको जमिन चर्किएपछि ढल्ने अवस्थामा रहेका उहाँले जानकारी दिनुभयो।

ढुङ्गा, माटो र काठले बनेको १७ कोठे कच्ची भवन, शौचालय, घेराबार र खेलमैदान पहिरोसँगै बगेको छ । भिरालो पाखोमा रहेको विद्यालय भवनमाथि रहेको सडकको भल, भूमिगत पानी, कमजोर भूगोल र तल रहेको दाजुङखोलाको कटानका कारण पहिरो गएको स्थानीय बताउँछन्। पहिरोले रु तीन करोडभन्दा बढीको



भौतिक संरचनामा क्षति पुर्‍याएको विद्यालय व्यवस्थापन समितिका कार्यवाहक अध्यक्ष पबहादुर विश्वकर्माले बताउनुभयो । "किमबोटको अस्थायी भवन परिसरमा घेराबार, ढल व्यवस्थापन र संरक्षणका लागि स्रोतको खोजीमा छौं", उहाँले भन्नुभयो, "पुरानो भवनको ढुङ्गा र फर्निचर प्रयोग गरेर अस्थायी भवन बनाएका हौं ।" विद्यालयका प्रधानाध्यापक नविन कार्कीका अनुसार विसं २००८ मा स्थापना भएको कक्षा १० सम्म पठनपाठन हुने विद्यालयमा हाल २०० विद्यार्थी अध्ययनरत छन् । "कच्ची भवनको एउटा कोठामा पढाएको अर्को कोठामा सुनिन्छ।

कोठा विभाजन, पलास्टर र रङरोगन तथा घेराबार गर्न बाँकी छ", उहाँले भन्नुभयो । ओखरबोट गाउँभित्र भवन बनाउन विसं २०८० मङ्सिरमा अमिक शेरचनका १० दाजुभाईले नौ रोपनी तीन आना तीन दाम दुई पैसा क्षेत्रफल भएको जग्गा उपलब्ध गराउनुभएको थियो। पूर्वउपप्रधानमन्त्री रहेका शेरचनका दाजुभाईले सरकारीको मापदण्ड अनुसार रु ४४ लाख ७७ हजार मूल्य पर्ने उक्त जग्गा निशुल्क रूपमा उपलब्ध गराएपनि नाम राख्ने विषयमा विवाद देखिएको थियो।

वडा सदस्य भिमसरा पुनले जग्गादाताले विद्यालयको नाम परिवर्तन गर्न प्रस्ताव गरे पनि गाउँपालिका तहमा सहमति नजुटेकाले उक्त जग्गामा भवन निर्माण प्रक्रिया अघि बढ्न नसकेको बताउनुभयो। पहिरोले क्षति गरेको विद्यालयको बुधबार निरीक्षण गर्नुभएका गण्डकी प्रदेशसभा सदस्य रेशमबहादुर जुग्जालीले तत्कालीन रूपमा अस्थायी कक्षाकोठा व्यवस्थापन गर्न सरकारसँग समन्वय गर्ने प्रतिवद्धता जनाउनुभयो । जग्गादाता र गाउँपालिका तथा समुदायले विद्यालयको नामसम्बन्धी विषयलाई टुङ्गो लगाउन आग्रह गर्दै उहाँले थप पूर्वाधार निर्माणका लागि प्रदेश र सङ्घीय सरकारका निकायमा पहल गर्ने बताउनुभयो।

# पोखराबाट भुटानको पारोमा अन्तरराष्ट्रिय उडान हुँदै

**कृष्ण दवाडी**
गण्डकी १९ भाद्र/रासस

पोखरा अन्तरराष्ट्रिय विमानस्थलबाट भुटान सिधा उडान हुने भएको छ । भुटान एयरलायन्सले पारो-पोखरा-पारो चार्टर उडान गर्न लागेको हो। युनिभर्सल टुर्स एण्ड ट्राभल (युटिटी)ले आगामी असोज १२ (२८ सेप्टेम्बर) देखि चार वटा चार्टर उडान गर्ने जनाएको छ।

असोज १२, १६, २० र २४ गते उडान गर्नेगरी तालिकासमेत तय भइसकेको युटिटीका सञ्चालक परासर प्रसाईंले जानकारी दिनुभयो। भुटान एयरलायन्स १२६ सिट क्षमताको हो । ट्राभल्सले चार्टर उडानका सहित ट्राभल्स प्याकेज समेत बनाएको छ। सो प्याकेज चार रात र पाँच दिनको रहेको प्रसाईंले बताउनुभयो । उहाँले भन्नुभयो, "निरन्तर प्रयास भयो भने पोखराबाट अन्तरराष्ट्रिय उडान सम्भव छ। यसका लागि सरकारले एयरलाइन्सलाई उत्प्रेरित गर्नुपर्छ ।" पोखराबाट पारो अन्तरराष्ट्रिय उडान हुने भएसँगै यसबाट आगामी दिनमा नियमित उडानको ढोका खुल्ने विश्वास लिइएको छ।

पोखरादेखि भुटान र भुटानदेखि पोखराको सिधा उडानले दुवै देशको पर्यटन प्रवर्द्धनमा सहयोग पुग्ने पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्य बताउनुहुन्छ। "पोखरालाई अन्तरराष्ट्रिय बजारसम्म जोड्न यसले महत्तवपूर्ण योगदान गर्ने विश्वास लिएका छौं। यसको निरन्तरताका लागि सबैले आफ्नो ठाउँबाट पहल गरौं", उहाँले भन्नुभयो । प्रधानमन्त्री केपी ओलीको आसन्न भारत भ्रमणपछि नियमित उडानको ढोका खुल्ने विश्वास समेत उहाँले व्यक्त गर्नुभयो । पोखरा पर्यटन




परिषद्का निवर्तमान अध्यक्ष पोमनारायण श्रेष्ठले पोखरा-पारो अन्तरराष्ट्रिय चाटर्ड उडानको घोषणाले आफूहरूलाई उत्साहित बनाएको बताउनुभयो। तीनै तहका सरकारले नियमित उडानका लागि निरन्तर पहल गर्न आग्रह गर्दै उहाँले पोखराबाट पारोसहित अन्य गन्तव्यमा उडान भइरहँदा त्यसले सरकारको घोषित योजनाअनुसार भाडादर पनि सस्तो हुनुका साथै यहाँ आएका पर्यटकले प्राकृतिक सौन्दर्यताको भरपुर अनुभूति गर्न पाउने बताउनुभयो।

पोखरा र भैरहवामा उडान गर्ने विदेशी वायुसेवालाई सरकारले आकर्षक छुट सुविधासमेत दिएको छ । जसअनुसार यहाँबाट हुने अन्तरराष्ट्रिय उडानबाट पाउने सम्पूर्ण शुल्क छुट दिइएको छ। नेपाल वायुसेवा निगमले दिने 'ग्राउन्ड ह्यान्डलिङ' सेवामा जम्मा २५ प्रतिशतबाहेक अतिरिक्त कुनै पनि शुल्क तिर्नुपर्दैन । यी दुई विमानस्थलबाट हुने अन्तरराष्ट्रिय उडानको छुट तथा सहुलियत सरकारले २०८१ साउन २८ देखि दिएको हो । सरकारले 'नागरिक उड्डयन क्षेत्रको समग्र सुधार तथा गौतमबुद्ध र पोखरा अन्तरराष्ट्रिय विमानस्थल सञ्चालनसम्बन्धी कार्ययोजना' अनुसार छुट दिएको हो । यी दुई विमानस्थलको अन्तरराष्ट्रिय उडानका लागि हवाई टिकटमा लाग्ने प्रतियात्रु तीन हजार रुपैयाँको यात्रु सेवा शुल्कमा छुट छ । यी दुवै विमानस्थलको अन्तरराष्ट्रिय उडानमा पार्किङ, ल्यान्डिङ र न्याभिगेसन शुल्कमा पूर्ण तथा नेपाल एयरलाइन्सले दिने ग्राउन्ड ह्यान्डलिङ शुल्कमा ७५ प्रतिशत छुट छ। "पोखरा विमानस्थलबाट अन्तरराष्ट्रिय उडानको निरन्तरता भएसँगै यहाँका व्यवसायी होटेल रेष्टुरेन्टलगायत पर्यटन सम्बद्ध सबै क्षेत्रमा आकर्षक छुटका प्याकेजकोसमेत तयारी गरेका छौं", निवर्तमान अध्यक्ष श्रेष्ठले भन्नुभयो, "पोखराबाट विश्वका विभिन्न गन्तव्यमा अन्तरराष्ट्रिय उडान हुनुपर्छ भन्ने उद्देश्यका साथ हाम्रो निरन्तर प्रयास जारी छ।"

हाल भुटानबाट त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल, काठमाडौंमा भुटान एयरलायन्सले सातामा चार वटा उडान भर्दै आएको छ । यसअघि गत असार ७ गते चीनको छेन्दु विमानस्थलबाट सिचुवान एयरलाइन्सको न्यारोबडी एयरबस ३१९ जहाजले पोखरामा चार्टर उडान गरेको थियो । पोखराबाटै छेन्दुमा हिमालयन एयरलाइन्सले पनि उडान भरिरहेको छ। पछिल्लो पटक सिचुवानले पोखरा-सिचुवान-अस्ट्रेलिया उडानको पहल गरिरहेको छ । सिचुवानले एयरलाइन्सले छेन्दुहुँदै अस्ट्रेलिया उडानका लागि नेपाल नागरिक उड्डयन प्राधिकरणसँग अनुमति मागिसकेको छ । यसअघि सिचुवान एयरलाइन्सले पोखरा विमानस्थलमा केही समय चार्टर उडान गरेको थियो। कम्पनीले नयाँ गन्तव्यका रूपमा अस्ट्रेलियामा नियमित उडान गर्न चाहेको हो । ६ असार २०८० मा उक्त एयरलाइन्सको एयरबस 'ए' ३१९ले पहिलोपटक पोखरा विमानस्थलमा उडान सुरु गरेको थियो । असारको ८ र ९ गते फेवातालमा भएको 'नेपाल-चाइना फ्रेन्डसिप ड्रागन बोट रेस फेस्टिभल २०२३' सहभागी चिनियाँ प्रतिनिधि, खेलाडी, दर्शकसहितका पर्यटकलाई ल्याउने र लैजाने प्रयोजनार्थ चार्टर्ड उडान गरिएको थियो । हाल हिमालय एयरलायन्सले ल्हासाको नियमित उडान गरिरहेको छ।

हिमालय एयरलाइन्सले पोखरा अन्तरराष्ट्रिय विमानस्थलमा हप्तामा एक दिन नियमित उडान गरिरहेको छ। काठमाडौं-ल्हासा-पोखरा-ल्हासा-काठमाडौंजोड्नेगरी हिमालयले उडान गरिरहेको हो । पोखरा अन्तरराष्ट्रिय विमानस्थल सञ्चालनमा आएको दुई वर्षपछि हिमालयले पहिलो व्यावसायिक उडान थालेको थियो। हिमालयका साथै सिचुवान र भुटान एयरलाइन्सको उडान भएमा यसबाट पोखरा अन्तरराष्ट्रिय विमानस्थल चलायमान बन्ने र विश्वका विभिन्न गन्तव्य जाने यात्रुका लागि सहज हुने विश्वास लिइएको छ । राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको पोखरा अन्तरराष्ट्रिय विमानस्थल १७ पुस २०७९ मा उद्घाटन गरिएको थियो । कूल तीन हजार ९०० रोपनी क्षेत्रफलमा फैलिएको पोखरा विमानस्थल झण्डै रु २२ अर्ब लागतमा निर्माण गरिएको हो। वार्षिक आठ लाख यात्रुलाई सेवा दिनसक्ने क्षमताको यस विमानस्थलमा दुई हजार ५०० मिटर लम्बाइ र ४५ मिटर चौडाइको धावनमार्ग छ।

# अन्नपूर्ण पदमार्गमा ढकमक्क 'पोथ्रे गुराँस'

**पोखरापत्र संवाददाता**
म्याग्दी, १९ भाद्र

अन्नपूर्ण गाउँपालिका-४ नारच्याङस्थित अन्नपूर्ण प्रथमको आधार शिविर पदमार्गमा ढकमक्क फुलेका 'पोथ्रे गुराँस'ले पर्यटकसहित जोकोहीलाई आकर्षित गरेको छ।

हिमाल, तालतलैया, झरना र मनोरम प्राकृतिक सौन्दर्यले भरिपूर्ण यो पदमार्गअन्तर्गत हुमखोलादेखि सुनखोलासम्म ढकमक्क फुलेका पोथ्रे गुराँसले आधार शिविर जाने पर्यटकलाई स्वागत गरिरहेका छन् । जेठदेखि भदौसम्म यो पदमार्गमा पोथ्रे गुराँस ढकमक्क फुलेका भेटिन्छन्। वनस्पतिबारे जानकार



कमल मादेनका अनुसार हाम्रो देशमा पाइने गुराँसका ३३ प्रजातिमध्ये पोथ्रे गुराँस सानो रैथाने प्रजातिको मानिन्छ। यो प्रजातिको गुराँस तीन मिटर अग्लोसम्म हुन्छ । डढेलोको कारण यो दुर्लभ प्रजाति मासिँदै गएकामा उहाँ चिन्तित हुनुहुन्छ।

अन्नपूर्ण पदमार्गमा गुराँस प्रजातिको रातो, गुलाबीका साथै सेतो र बैजनी रङका फूल पनि पाइन्छन् । तिनको संरक्षणमा सम्बद्ध निकाय संवेदनशील हुनुपर्नेमा उहाँको जोड छ।

# फलेवासमा 'गाउँघर क्लिनिक' एकैसाथ निर्माण सुरु

**पोखरापत्र संवाददाता**
पर्वत, १९ भाद्र

बालबालिका र गर्भवतीलाई सर्वसुलभ सेवा उपलब्ध गराउने उद्देश्यले फलेवास नगरपालिकामा एकैसाथ तीनवटा गाउँघर क्लिनिक निर्माण सुरु भएको छ।

स्वास्थ्य चौकी र अस्पतालको पहुँचबाट टाढा रहेका बासिन्दालाई दृष्टिगत गरी फलेवास-७ लिमिठानामा तीनवटा गाउँघर क्लिनिकका भवन शिलान्यास गरिएका हुन्। फलेवास नगरपालिकाका प्रमुख गङ्गाधर तिवारीले दुईवटा र उपप्रमुख शोभाकुमारी क्षेत्रीले एउटा भवनको मङ्गलवार शिलान्यास गर्नुभएको छ।

गुड नेवर्स इन्टरनेसनलको आर्थिक सहयोग तथा नवचेतना सामुदायिक विकास केन्द्रको प्राविधिक सहयोगमा रु४३ लाख लागतमा तीनवटै भवन आगामी तीन महिनाभित्र निर्माण सम्पन्न हुने भएका छन्।

लिमिठानाका थाङ्ने, सिमलचौर र चिर्दिखोलामा भवन निर्माणका लागि एउटा मूल तथा तीनवटा स्थानीय उपभोक्ता समिति गठन गरिएको छ। तीन महिनामासमितिले भवन निर्माण गरेर नगरपालिकालाई हस्तान्तरण गर्ने कार्ययोजना छ।

गाउँघर क्लिनिकको भवन निर्माण भएर सेवा सुरु भएपछि ससाना बालबालिका बोकेर टाढाको स्वास्थ्यचौकी पुग्नुपर्ने यहाँका महिलाको बाध्यता हट्ने उपप्रमुख क्षत्रीले बताउनुभयो । वडा नं ७ को तीनधारेमा स्वास्थ्यचौकी भवन भए पनि अपायक र टाढा पर्ने भएकाले छरिएर रहेका वडाका महिला तथा बालबालिकाले गाउँघर क्लिनिकबाट प्रत्यक्ष सेवा प्राप्त गर्ने उहाँ बताउनुहुन्छ।

गाउँघर क्लिनिकबाट मासिक रूपमा बालबालिकालाई प्रदान गरिने खोप, गर्भवतीको स्वास्थ्य जाँचका साथै निःशुल्क भिडियो एक्सरे सेवा र बाआमासँग नगरप्रमुख कार्यक्रमअन्तर्गत वृद्धवृद्धाको स्वास्थ्य परीक्षण गरिने नगरप्रमुख तिवारीले बताउनुभयो।